**नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालयकी**
**कार्यवाहक प्रतिनिधि**
**सान्ड्रा बेइडासद्वारा गरिएको भाषण**

## नेपालका आदिवासी जनजाति महिलाहरूको राष्ट्रिय सम्मेलन, विश्व आदिवासी अन्तर्राष्ट्रिय दिवस

**२०६४ साउन २४**

नेपालका आदिवासी जनजाति महिलाहरूको सबैभन्दा पहिलो सम्मेलनमा बोल्न आमन्त्रित गरिएकोमा मलाई अत्यन्त खुसी लागेको छ – विशेषगरी संयुक्त राष्ट्रसङ्घको प्रतिनिधित्व गर्ने महिलाका रूपमा। यस्तो सम्मेलन गरिनु सायद महिलाहरूले आफ्ना आवाज सुनाउनका लागि स्थानको सिर्जना गर्नमा गरिरहेको प्रगतिको सङ्केत हो।

आज हामी आदिवासी समुदायहरूले सामना गरेका भेदभावप्रति ध्यानाकर्षण गर्न तथा तिनका अधिकारहरूलाई संरक्षण गर्ने प्रभावकारी कार्यका लागि वकालत गर्न विश्व आदिवासी अन्तर्राष्ट्रिय दिवसको स्मरण गरिरहेका छौं। त्यस सन्दर्भमा, संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त लुइस आर्बर र आदिवासीसम्बन्धी विशेष प्रतिवेदक रोडोल्फो स्टाभेनह्यागेनले संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूलाई आगामी केही दिनमा महासभामा आदिवासीको अधिकारसम्बन्धी घोषणापत्र पारित गर्न आह्वान गर्नुभएको छ।

आदिवासी तथा अन्य सीमान्तकृत समुदायहरूको भेदभाव तथा सामाजिक बहिष्करणको अन्त्य गर्ने कार्य नेपालको शान्ति प्रक्रियाको सबैभन्दा ठूला चुनौतीमध्ये एक हो। सीमान्तकृत समुदायका महिलाहरूले विभिन्न किसिमका भेदभावको सामना गरेका छन् तथा उनीहरूलाई विकासका सबै क्षेत्रबाट बहिष्कृत गरिएको छ एवं उनीहरूले न्यायबिना बेचबिखन, घरेलु हिंसा तथा अन्य दुर्व्यवहारको खतरा मोलिरहेका छन्। गहिरोसँग जरा हालेर रहेका यी मुद्दाहरूलाई सम्बोधन गर्न सम्बन्धित पक्षहरूद्वारा गरिएका प्रतिबद्धताहरूको प्रशंसा गरिनुपर्छ तर यिनलाई ठोस कार्यमा परिणत गरिनुपर्छ। सरकार र नेपाल आदिवासी जनजाति महासङ्घबीच यसै साता भएको सम्झौतामा विकासमा महिलाको पहुँचसँग सम्बन्धित प्रावधानहरू समावेश छन् भनी उल्लेख गर्न पाउनु सकारात्मक कुरा हो।

समावेशी नेपाली समाजको सिर्जना गर्नमा समय लाग्नेछ। तर, संविधानसभामा जनजातिजस्ता सीमान्तकृत समुदायहरूको बृहत्तर प्रतिनिधित्व – जनजाति महिलाहरूको बृहत्तर प्रतिनिधित्वलगायत – ले यस्ता समुदायहरूलाई नयाँ नेपालको आकार तथा प्रकृति निर्धारण गर्ने कार्यमा सशक्त भूमिका निर्वाह गर्ने अभूतपूर्व अवसर उपलब्ध गराउनुपर्छ। तर, महिलाविरुद्धको भेदभावको अन्त्य गर्ने कार्य सरकार तथा राजनीतिक दलहरूको मात्र भूमिका होइन। समाजमा समानरूपमा सहभागी बन्ने एवं दुर्व्यवहारबाट संरक्षित हुने सबै महिला तथा बालिकाको अधिकारलाई आफ्नै समुदायले पूर्णरूपमा सम्मान गर्ने कुरा आदिवासी समुदायहरूले सुनिश्चित गर्नैपर्छ।

आदिवासीको अधिकारसम्बन्धी घोषणापत्र पारित गर्ने कार्यले नेपाल तथा विश्वभरिका अन्य देशका आदिवासी सङ्गठनहरूलाई आफ्ना समुदायहरूको अधिकारका लागि सम्मान हासिल गर्ने उनीहरूका प्रयासहरूलाई एउटा महत्त्वपूर्ण साधन उपलब्ध गराउनेछ। उच्चायुक्तको कार्यालय सरकारले आदिवासी तथा जनजातिसँग सम्बद्ध अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि १६९ को अनुमोदन गर्ने घोषणाबाट उत्साहित भएको छ। महासन्धिले यसका प्रावधानहरू महिला तथा पुरुषहरूलाई समानरूपमा लागू होस् भन्ने माग गर्दछ। सरकारद्वारा उक्त महासन्धि तुरुन्त अनुमोदन गरियोस् भन्ने उच्चायुक्तको कार्यालय आग्रह गर्दछ। त्यस्तो कदमले सार्थक परिवर्तन ल्याउन तथा नेपालका आदिवासी समुदायहरूको अधिकारलाई पूर्णरूपमा स्वीकार्न सशक्त प्रतिबद्धता देखाउनेछ।

अन्ततः शान्ति प्रक्रियामा परिवर्तन ल्याउने कर्ताका रूपमा सबै क्षेत्रका महिला – आदिवासी जनजातिहरूलगायत – को समावेशीकरण बढी समान तथा कम भेदभावकारी समाज निर्माणतर्फको एउटा अत्यावश्यक कदम हो। यस सम्मेलनले त्यस प्रक्रियामा तथा परिवर्तनका लागि वकालत गर्ने कार्यमा जनजाति महिलाले खेल्न सक्ने महत्त्वपूर्ण भूमिकातर्फ ध्यानाकर्षण गर्ने काम गरेको छ। यस सम्मेलनको आयोजना गर्ने पहल गरेकोमा म राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल तथा तिनका सहकर्मीहरूलाई बधाई दिन्छु र महिला तथा आदिवासी जनजातिका रूपमा तपाईंहरूको अधिकारका लागि बढी स्वीकृति तथा सम्मानको आग्रहमा उच्चायुक्तको कार्यालयको समर्थन दिन्छु।